**अवधारणा पत्र**

**जेठ १४, २०६८ भित्र शान्ति प्रकृयालाई टुङ्गोमा पुऱ्याउँदै लोकतान्त्रिक गणतन्त्र सुनिश्चित गर्ने संविधान निर्माण गरि महिला अधिकार सुनिश्चित गर्ने आधार तयार गरौं ।**

तत्कालिन ने.क.पा. (माओवादी) र संसदवादी सात पार्टीका बीच १२ बुँदे सहमतीबाट शुरु भएको शान्ति प्रकृया अहिले अलमलमा परेको छ । १२ बुंदे सहमतीको जगमा उभिएर नेपाली नागरिकको साहसी र अभुतपूर्व सहभागीताका कारण सफल २०६२/६३ को जनआन्दोलन-२ का उपलब्धीहरु सत्ता, पदलोलुपता, शक्तिको दम्भमा अल्मलिएका नेताहरुका कारण नेपाली नागरिकहरुले अनुभूत गर्न पाएका छैनन् । स्वतन्त्रता, सामाजिक न्याय सहित बाँच्न पाउने आफ्ना अधिकार सुनिश्चित गर्न सक्ने संविधान लेख्न भनी जनताले पठाएका जनप्रतिनिधि सभासदहरु नेताहरुको जुधाई र पौंठेजोरीका कारण किँकर्तव्यविमुढ भएका देखिन्छन् । देशलाई करिब १ दर्जन नेताहरुले आफ्नो मुठ्ठीमा बन्धक बनाएको जस्तो आज सबैले अनुभुती गर्न लागेको स्थिती छ । शान्ति निर्माण प्रक्रियालाई लम्ब्याउने र उक्त संक्रमणकालको आडमा देशलाई अनिर्णयको भूमरीमा पार्ने अभियानमा नेताहरुबीच प्रतिस्पर्धा भईरहेको स्पष्ट देखिन्छ ।

जन-आन्दोलन २ को सफलता पश्चात द्वन्द्वको मूल जरोको रुपमा रहेको विभेदलाई पूर्ण रुपमा रुपान्तरण गर्दै माओवादी सेना र नेपाली सेनाको समायोजन, सुरक्षा संयन्त्रमा सुधार गर्दै देशमा शान्ति स्थापना गर्ने भन्ने आशय सहितको बृहत शान्ति सम्झौताको मर्म आज नेतावर्गले कुल्चिएको अवस्था छ । बृहत शान्ति सम्झौतामा उल्लेख गरिएका सत्य निरुपण तथा मेलमिलाप आयोग, वेपत्ता आयोग जस्ता न्यायका लागि पहल गर्ने आयोगहरु बनाउने कुरामा नेताहरु गम्भीर भएको देखिएको छैन । राज्यको पुर्नसंरचनाका साथै सामाजिक, आर्थिक रुपान्तरणका कुराहरु पाखा लगाइएका छन् ।

शान्ति प्रक्रियाको महत्वपूर्ण पाटो सेना समायोजनको कुरा चर्को रुपमा उठाइएता पनि त्यसको सुरुवात अझै हुन सकेको छैन । सत्य निरुपण तथा मेलमिलाप आयोग नबन्दा नेपाली सेना र माओवादी सेना दुवै भित्र मानव अधिकार हनन गर्नेहरु

खुला रुपले घुमिरहेको अवस्था छ। देशमा दण्डहिनता फस्टाएको छ। अपराध मौलाएको छ। भ्रष्टचार चुँलिदै गएको छ। महंगीले मानिसको जन-जीवन अस्त व्यस्त बनाएको छ। यो स्थितीको सबैभन्दा बढी मारमा हामी नेपाली महिला परेका छौं।

यो देश सिमीत नेताहरुको मात्र हैन। हामी संपूर्ण नेपालीहरुको हो। देशमा लोकतान्त्रिक गणतन्त्र स्थापना गर्ने अभियानमा हरेक कुनामा रहेका नेपालीको रगत, पसिना, भावना खर्चिएको छ। हरेक नेपालीको यसमा उत्तिकै योगदान रहेको छ। २००७, २०१७, २०४६ हुंदै २०६२/६३ सम्मको लोकतन्त्र, लोकतान्त्रिक गणतन्त्रकालागि गरिएका आन्दोलनमा महिलाको सहभागिता सधैं निर्णायक रहेको छ। युद्धको मैदानदेखि कर्फ्यु तोड्ने घेरासम्म, भुमिगत रहेका नेताहरुलाई आश्रय दिनेदेखि समुदायमा शान्ति स्थापना गर्नेसम्म, जनतालाई संगठित गर्ने देखि आन्दोलनको नेतृत्व गर्नेसम्म, देशभित्र आन्दोलनको अगुवाई गर्नेदेखि अन्तर्राष्ट्रिय तहसम्ममा वकालत गर्ने आन्दोलनका हरेक फाँटमा महिलाको योगदान निर्णायक रहेको छ।

हामी महिलाले देशमा लोकतन्त्र स्थापनासंगै 'महिलामुक्ति' हुन्छ भन्ने मान्यता राख्दै आफ्नो शरीर, परिवार, चाहना, आवश्यकता, सुविधाहरुलाई त्यागेर महिला सुनिश्चित गर्नकालागि आन्दोलनमा अगुवाई गरेका हौं। हाम्रो अगुवाई देशमा रहेका विभेदपुर्ण सामाजिक संरचनाहरुमा परिवर्तनकालागि हो। देशको हरेक संरचनाहरुमा आफ्ना अधिकार सुनिश्चित गर्नकालागि हो। तर अफशोच पित्तृसत्तात्मक मूल्य र मान्यताले जरो गाडेको राज्यका सबै संरचनाहरुमा एकाधिकार जमाउने नेतृत्व वर्गद्वारा आन्दोलनको सफलता पश्चात् सधैं महिलाहरुलाई पाखा लगाउने काम भयो। यो क्रमले जनआन्दोलन २ को सफलता पश्चात पनि निरन्तरता पायो। अन्तरिम संविधान बनाउने समितीमा होस् वा मन्त्रीपरिषदमा , या गाउँस्तरमा बनाउने शान्ति समितीहरु जहाँ पनि आफ्नो सहभागिताका लागि महिलाहरुले सडकमा ओर्लनु पर्ने स्थिती रहि नै रह्यो। सरकारद्वारा संयुक्त राष्ट्र संघ सुरक्षा परिषदको प्रस्ताव १३२५ अनुरुप राष्ट्रिय कार्ययोजना अनुमोदन

गरिसकेको अवस्थामा समेत सेना समायोजनका लागि बनेका समितीहरुमा महिला नहुनु, सशस्त्र द्वन्द्वका कारण प्रभावित महिलाहरुको पिडा सम्बोधन गर्न सक्ने संयन्त्र अझै तयार नगरिनु, भएकाहरुमा पनि महिलाको सहभागिता नहुनु, शसस्त्रयुद्धमा महत्वपुर्ण भूमिका खेल्ने महिलाहरुलाई समाजमा एकीकरण गर्ने काममा उही परम्परावादी दृष्टिकोण नै राख्नु जस्ता यथार्थले सरकार आफ्नो प्रतिबद्धता र भनाई अनुरुप काम गर्दैन भन्ने तथ्यलाई पुष्टि गरेको छ ।

यस्तो अवस्थामा समेत हामी महिलाले लोकतान्त्रिक गणतन्त्रमा विश्वास गर्ने भएकै कारण नेताहरुलाई आफ्नो बाटो नबिराउन अनुरोध गर्‍यौ, अपिल गर्‍यौ । जिम्मेवार बनाउने विभिन्न प्रयासहरु गर्‍यौ । यी प्रयासहरुकासाथै देशमा दिगो शान्ति स्थापना गर्नकालागि चालिएका हरेक कदम र शान्ति निर्माणका हरेक चरणमा महिला सहभागिताविना संभव छैन भन्ने दोहोर्‍याउदै अगाडी बढ्यौ । तर हाम्रा शान्तिपूर्ण अभियान, लोकतान्त्रिक गणतन्त्रप्रतिको विश्वासका कारण हामीले नेताहरुलाई गरेको आदरलाई हाम्रो कमजोरी ठानी हामीलाई झन् झन् पाखा लगाउने कामले निरन्तरता पाई नै राख्यो ।

अहिले नेतृत्ववर्गले जनचाहना र आफ्नो प्रतिबद्धतालाई बिर्सी पदलोलुपता, सत्ताहठ र शक्तिको अहंकारमा अल्मलिएर संविधान निर्माणका कामलाई पाखा लगाएको स्थिती छ । संविधानमा नमिलेका कुराहरुलाई मिलाउने कामलाई प्राथमिकता दिनुपर्ने नेताहरु कुन मन्त्रालय लिने र कसलाई मन्त्री बनाउने भन्ने कसरतमा जुटेका छन् । नेताहरुको यस प्रकारको गैरजिम्मेवारपुर्ण व्यवहार र जनचाहनालाई गरिएको वेवस्ताका कारण हामीले प्राप्त गर्नुपर्ने “संविधान” समयमा बन्न नसक्ने स्थितीमा आईपुगेको छ । समयमै संविधान नबन्नु भनेको परिवर्तन नचाहने र देशलाई बन्धक बनाई राख्न खोज्नेहरुको विजय हुनु हो । त्यसैले गाउँ, बस्ती, टोलसम्म छरिएर रहेका हामी सम्पुर्ण महिलाहरु अझै पनि शान्तिपुर्ण तरिकाले हाम्रा नेता तथा सभासदलाई महिलाको समानुपातिक प्रतिनिधित्व सुनिश्चित गरी देशलाई प्रगतिशील रुपान्तरण गर्न सक्ने संविधान जनतामाझ ल्याई देशमा दिगो शान्ति स्थापना गर्ने आधार तयार गर्न अनुरोध गर्दछौं ।

शान्ति स्थापनाप्रति नेताहरु प्रतिबद्ध छन् भन्ने सन्देश जेठ १४ भित्र विश्वासिलो आधार दिन सकेमात्र पुर्ण हुन्छ । अव आउने संविधानले जनताको अपेक्षा, आवश्यकता र अधिकार सुनिश्चित गर्न सकेको छ भनी जनतालाई विश्वास दिलाउनका लागि संविधानको एकीकृत मस्यौदा अविलम्व जनताको माझ छलफलमा ल्याउनु अपरिहार्य छ । सेना

समायोजन कार्य टुङ्गोमा पुऱ्याउनुका साथै  मानव अधिकार हनन् गर्नेहरुलाई न्यायको कठघरामा ल्याउन ढिलो भईसकेको छ । यसप्रति नेताहरुको ध्यानाकर्षण गराउदैं अविलम्ब संविधानमा नमिलेका कुराहरुलाई मिलाई जनतामाझ छलफलमा ल्याई जेठ १४ भित्र संघीय लोकतान्त्रिक गणतन्त्र सुनिश्चित गर्ने संविधान ल्याउन नेताहरु प्रतिबद्ध छन् भन्ने सार्वजनिक गर्न अपिल गर्दछौं । यसो गर्न नसक्दा नेताहरु नेतृत्वमा बसिरहन नैतिक संकट आउने छ भन्ने तर्फ समेत सचेत गराउँदछौ ।

हामी महिला सबै तह र तप्कामा महिला अधिकार सुनिश्चित हुनसक्ने कानूनी आधार समेतको “संघीय लोकतान्त्रिक गणतन्त्र” चाहन्छौं । त्यसैले देशलाई रुपान्तरण गर्न सक्ने संविधान नेताहरुकै सहमती र अगुवाईमै हुनुपर्दछ भन्ने मान्यता राख्दछौं । त्यसैले हामी हाम्रा नेताहरुलाई सत्ता र शक्तिको चलखेलमा नअल्मलिई सबै बीच सहमतीका आधारमा संविधानमा नमिलेका कुराहरुमा मतैक्यता गर्नु साथै शान्ति निर्माण प्रक्रिया टुङ्गोमा पुऱ्याउन दबाव दिने उद्देश्यले “देशलाई अराजकता र अशान्तिबाट जोगाउन बेलैमा संविधान” भन्ने नाराका साथ ‘ **वैशाख १ गतेदेखि काठमाडौं संविधान सभा अगाडी जाऔं अभियान** ’ संचालन गर्न लागिरएको जानकारी गराउदछौं । महिलाहरुको अगुवाईमा शुरु गर्न लागिएको यो अभियान, सामाजिक न्याय, समानता, शान्ति र सबै तहमा महिलाको समानुपातिक प्रतिनिधीत्व हुनु पर्दछ भन्नेमा विश्वास गर्ने हरेक नेपालीको “साझा अभियान” हो भन्ने यथार्थ अगाडी राख्दछौं । यो अभियान टोल, गाउँ, बस्ती हुदैं काठमाण्डौंको संविधान सभासम्म आईपुग्ने निरन्तर अभियान हो । यो अभियान हामी सबैको सहयोग, सहभागिता र ऐक्यबद्धता भएमात्र पुर्ण हुनसक्छ भन्ने तर्फ सबैको ध्यानाकर्षण गर्दै सबैलाई यस अभियानमा आबद्ध हुन अपिल गर्दछौं ।